डिभिजन वन कार्यालय, दोलखाको

गोलिया काठ र दाउरा लिलाम बिक्रिको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०५/०९

डिभिजनल वन अधिकृत

प्रस्तुत विषयमा आ.व. २०८१/०८२, आ.व. २०८२/०८३ तथा मुद्दाबाट बरामद भएका तपसिल बमोजिमबाट संकलन तथा प्राप्त भएको निम्न घाटगद्दी स्थलहरूमा घाटगद्दी गरी राखेको/कटान क्षेत्रमा रहेको तपसिल बमोजिमको विभिन्न लट, जात, थान र परिमाणको गोलिया काठ र दाउरा जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले मिति २०८२/०५/०९ मा दिक्षण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम यो विस्तृत सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को दफा १२८ बमोजिम सुचिकृत भएका इच्छुक काठ, दाउरामा आधारित उद्योगले दिक्षण राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८२/०५/२९ गते) कार्यालय समय भित्र तपसिलको स्थानहरूबाट बोलपत्र खरिद गरि २२ औं दिन (मिति २०८२/०५/३० गते) मध्यान्ह १२:०० बजे भित्र डिभिजन वन कार्यालय दोलखामा सिलवन्दी बोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ ।

## तपसिल

### १. वन पैदावरको विवरण :

| सि.नं. | प्रजाती | किसिम | ग्रेड | गो. थान | ईकाइ | काठ (क्युफि) | प्रति एकाइ रु. | न्युनतम मुल्य रु. | संकलन खर्च प्रति एकाई रु. | काठको श्रोत | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गरुड दल गणको कम्पाउण्डको रुख कटानबाट उत्पादित काठ (लट नं. १-२०८२/०८३) | | | | | | | | | | |
| १ | मसला | गोलिया | | १३ | क्युफि | १३४.७१ | १२५ | १६८३८.७५ | ४५ | गरुडदल गण, मिमेश्वर ६ | क्षेत्रमा |
| २ | पाटे सल्ला | गोलिया | B | ७ | क्युफि | ३४.२८ | १०० | ३४२८ | | | |
| जम्मा | | | | २० | | १६८.९९ | | २०२६६.७५ | ७६०४.५५ | | |
| | जिल्ला समन्वय समितिको कार्यालयको कम्पाउण्डमा भएको रुख कटानबाट उत्पादन भएको काठ (१-२०८२ /०८३) | | | | | | | | | | |
| ३ | उत्तिस | गोलिया | A | १ | क्युफि | ८.८९ | २०० | १७७८ | ४५ | जिल्ला समन्वय समितिको कार्यालय गण मिमेश्वर ६ | कटान क्षेत्रमा नै रहेको |
| | | गोलिया | B | १२ | क्युफि | ६०.५७ | १५० | ९०८५.५ | | | |
| ४ | धुपीसल्ला | गोलिया | B | १३ | क्युफि | २२.८४ | २०० | ४५६८ | | | |
| ५ | पाटेसल्ला | गोलिया | B | १५ | क्युफि | ५५.२३ | १०० | ५५२३ | | | |
| | जम्मा | | | ४१ | | १४७.५३ | | २०९५४.५० | १४३३९.७ | | |
| | डिभिजन वन कार्यालयको कम्पाउण्डको रुख कटानबाट उत्पादन भएको काठ र दाउरा (७-२०८१ /०८२) | | | | | | | | | | |
| ६ | खोटे सल्ला (तयारी अवस्थाको ढोकाको खापा) | तयारी काठ | A | २० | क्युफि | ५३.९३ | २५० | १३४८२ | | वन मुद्दा | कार्यालय कम्पाउण्ड |
| ७ | खोटे सल्ला (तयारी अवस्थाको खापा) | तयारी काठ | A | १० | क्युफि | | | | | | |
| | जम्मा काठ | | | ३० | | ५३.९३ | | १३४८२ | | | |
| | लट नं. १ को कुल जम्मा | | | ९१ | | ३७०.४५ | | ५४७०३.२५ | १४२४३.४ | | |

२. बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम मिति, समय:

क) बोलपत्र खरिद गर्ने स्थान: डिभिजन वन कार्यालय दोलखा

ख) खरिद गर्ने अन्तिम मिति र समय: पत्रिकामा सुचना प्रकाशन भएको मितिले २१ औं दिन (मिति २०८२/०५/२९ गते) कार्यालय समय भित्र

ख) दाखिला गर्ने अन्तिम मिति: पत्रिकामा सुचना प्रकाशन भएको मितिले २२ औं दिन (मिति २०८२/०५/३० गते)

ग) दाखिला गर्ने अन्तिम समय: अपरान्ह १२ बजे

घ) बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट अपरान्ह १२ बजे भित्र बोलपत्र दाखिला गरिसक्नुपर्नेछ ।

३. बोलपत्र फारम प्रति लटको रु. १०००/- पछि फिर्ता नहुने गरि तिरी डिभिजन वन कार्यालय, दोलखाबाट खरिद गरी दाखिला गर्न सकिनेछ ।

साथै कवोल गरेको रकमको १०% ले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड चरिकोट शाखामा रहेको प्रदेश ३ ख २.३ को धरौटी खाता नं. १३००२०००००२००३००००००१ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।

४. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र उल्लेखित घाटगद्दी स्थल/कटान क्षेत्रमा गई हेर्न सकिनेछ । काठ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम विक्रि गरिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपराइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र उद्योग रहेको सम्बन्धित डिभिजन वन कार्यालयबाट दिएको उद्योगको सुचिदर्ताको प्रमाणपत्रको प्रतिलिपी वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्युनतम संख्या र रितपुर्वक पर्न आएका बोलपत्रहरू पत्रिकामा सुचना प्रकाशन भएको मितिले २२ औं दिन अपरान्ह ३:०० बजे साक्षिहरूको रोहवरमा डिभिजन वन कार्यालय दोलखामा खोलीनेछ । सो दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदाको भोलिपल्ट सोहि समयमा खोलिनेछ ।

८. काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका २०७३ को दफा ४७ बमोजिम लिलाम स्वीकृत भई जानकारी प्राप्त भएको मितिले ४५ (पैंतालिस) दिन भित्र सकारकर्ताले सकार गरेको रकम तथा निर्धारित मु.अ.क., संकलन खर्च समेतको रकम छुट्टाछुट्टै वुझाई सक्नु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । शर्त राखिएका वोलपत्रहरू स्वीकृत गरिनेछैन ।

१०. बोलपत्र मान्य नहुने अवस्थाहरू

- खाम सिलबन्दी नभै प्राप्त हुन आएको वोलपत्र
- सम्बन्धित वन कार्यालयको छाप र कार्यालय प्रमुखको दस्तखत गरि प्रमाणित हुनुपर्नेमा सो नभएको बोलपत्र वा विक्रि नभएको बोलपत्र वा विक्री भएको बोलपत्रको प्रतिलिपी दाखिला गरेको बोलपत्र
- बोलपत्र जसको नाममा खरिद गरिएको हो उसैको तर्फबाट दाखिला नगरेको बोलपत्र
- बोलपत्रदाताको हस्ताक्षर (फर्म, कम्पनी, उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र
- सकार अंकको १० प्रतिशत धरौटी वापतको रकमको बैंक भौचर समावेश नभएको वा कम रकमको भएको वा छ महिना भन्दा घटीको बैंक ग्यारेण्टी धरौटीको रुपमा पेश भएको बोलपत्र
- वोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य सर्तहरू पुरा नभएको
- म्यादभित्र पेश हुन नआएको वोलपत्र
- बोलपत्रको पुर्णता परिक्षण बमोजिम "कागजात" नभएको"।

११. बोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

डिभिजनल वन अधिकृत